**प्रस्तावहरुः**

२०८१।०८२-०५।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१।०८२-०५।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१।०८२-०५।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१।०८२-०५।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१।०८२-०५।०५ रूपा गाउँपालिका १ नं वडा कार्यालयको कार्यालय भवन सम्बन्धमा।

२०८१।०८२-०५।०६ मौरी सहितको घार वितरण तथा निर्देशिका स्वीकृत सम्बन्धमा ।

२०८१।०८२-०५।०७ आर्थिक वर्ष २०८२/०८३ को लागि संघ र प्रदेश सरकारसँग समपुरक र विशेष योजना/कार्यक्रमहरूको प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

२०८१।०८२-०५।०८ उपभोक्ता समितिहरूलाई अभिमुखीकरण कार्यक्रम सम्बन्धमा ।

२०८१।०८२-०५।०९ संपरीक्षण(रामकोट मावि, जनता मावि) सम्बन्धमा।

२०८१।०८२-०५।१० स्वास्थ्य सेवाका कर्मचारी तथा शिक्षकहरूको व्यवस्थापन सम्बन्धमा।

२०८१।०८२-०५।११ मादी नदि तथा ब्रिद्दि खोला डाभर्सनका लागि जेसिवी सञ्चालनार्थ स्वीकृतीका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा लेखि पठाउने सम्बन्धमा ।

२०८१।०८२-०५।१२ मनसुनजन्य विपदबाट प्रभावित निजी आवास पुनर्निमाणको लागि लाभग्राही छनौट तथा सिफारिस सम्बन्धमा ।

२०८१।०८२-०५।१३ विविध सम्बन्धमा ।

मादी घाटको टेन्डर

सार्वजनिक सुनुवाइ

बायोम्याट्रिक मेसिन खरिद

गाउँफर्क माविको पानी ट्याङ्की निर्माण

सेवा करार

डिपिआर सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०१**

प्रस्ताव नं २०८१/०८२-०५।०१ उपर छलफल गर्दा १५५ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०२**

प्रस्ताव नं २०८१/०८२-०५।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई

सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०३</u>**

प्रस्ताव नं २०८१/०८२-०५।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०४</u>**

प्रस्ताव नं २०८१/०८२-०५।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

जिल्ला समन्वयात्मक वैठक

प्रदेश मन्त्रालयको आयोजनामा योजना/कार्यक्रम निर्माण सम्बन्धी गोष्ठी

रूपा रिङरोडको बैठक

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०५</u>**

प्रस्ताव नं २०८१/०८२-०५।०५ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका १ नं वडा कार्यालयको हालको स्थानमा रहेको प्रशासनीक भवन बहुसङ्ख्यक नागरिकहरूको लागि अपायक भएको र वडाबासीको जनधनत्व वढी भएको तथा पायक पर्ने रूपा-१ दरगाउँटारमा वडा केन्द्र स्थानान्तरण गर्नुपर्ने देखिएकाले वडा कार्यालयको केन्द्र परिवर्तन गरी रूपा १ दरगाउँटारमा वडाको केन्द्र कायम गरिदन वडा कार्यालयले सिफारिस सहित निर्णय पेस गरेको। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ को उपदफा ७ बमोजिम वडा समितिको परामर्शमा गाउँसभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याहरुको दुइ तिहाइ बहुमतले वडाको केन्द्र हेरफेर गर्न सक्ने व्यवस्था रहेकाले आगामी हिउँदे गाउँसभाबाट अनुमोदन हुनेगरी रूपा गाउँपालिका १ नं वडा कार्यालयको केन्द्र रूपा १ दरगाउँटारमा कायम गर्ने निर्णय गरियो ।

**ख)** रूपा गाउँपालिका १ नं वडा कार्यालयको कार्यालय भवन निर्माण प्रयोजनार्थ जग्गा प्राप्ति गर्नुपर्ने सम्बन्धमा दरगाउँटार साविक फल्याङ्कोट-१ निवासी बालकुमारी श्रेष्ठको नाउँमा दर्ता श्रेष्ता कायम रहेको सिं नं ०९४-११७८ कित्ता नं ७९ को क्षेत्रफल ५-८-३-१ को जग्गा मध्यबाट ०-१३-०-० जग्गा वडा नं १ को प्रशासकीय भवन निर्माणका लागि निशुल्क दिन वडा कार्यालयमा मञ्जुरी सहमती गरेको।नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०५/२६ को निर्णयानुसार जारी गरिएको गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड, २०७५ को मापदण्ड नं ३ मा वडा केन्द्रको जग्गाको लागि कम्तिमा ३ रोपनी हुनु पर्ने व्यवस्था रहेको र केन्द्र रहने



रुपा गाउँपालिका कास्की

स्थानबाट सेवा प्रदान गर्ने मुख्य मुख्य कार्यालयहरू समेतको भवन निर्माणका लागि आफ्नै स्वामित्वमा रहेको वा सार्वजनिक वा अधिग्रहण गर्न सकिने जमिनको उपलब्धता हुनुपर्ने व्यवस्था रहेको। रूपा गाउँपालिका १ नं वडा कार्यालयको प्रस्तावित वडा केन्द्र रहने जग्गाको १०० मिटर क्षेत्रभित्र करिव ४ रोपनी क्षेत्रफलको सरकारी जग्गा रहेको र मापदण्ड बमोजिमको अपुग जग्गा प्राप्तिको लागि प्रक्रिया अगाडि बढाउने प्रतिवद्धता सहित प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०६**

प्रस्ताव नं २०८१/०८२-०५।०६ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८०/०८१ को मौरी प्रवर्धन कार्यक्रमलाई चालु आर्थिक वर्षमा निरन्तरता दिने र पेस भए बमोजिम **रूपा गाउँपालिका कास्कीको मौरी प्रवर्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१** संशोधन सहित स्वीकृत गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०७**

प्रस्ताव नं २०८१/०८२-०५।०७ उपर छलफल गर्दा समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७७ (पछिल्लो संशोधन सहित), विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७ (पछिल्लो संशोधन सहित), र गण्डकी प्रदेश सरकारको प्रदेश वित्त व्यवस्थापन ऐन २०७५ तथा बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि संघ र प्रदेश सरकारसँग तपसिलका समपुरक र विशेष योजना/कार्यक्रमहरूको प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र स | माग गर्ने निकाय | अनुदानको प्रकृति | योजना/कार्यक्रमको नाम ठेगाना | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | समपुरक | शिवचण्डी मोटरबाटो (काउनेपोखरी रामदी खण्ड) | | |
| २ | | विशेष | फोहोरमैला व्यवस्थापन रुपा ४ | | |
| ३ | प्रदेश सरकार | समपुरक | | | |
| ४ | | विशेष | मौरी प्रवर्धन कार्यक्रम | | |

साथै रूपा गाउँपालिका वडा नं ४ मा फोहोरमैला व्यवस्थापनका लागि जग्गा प्राप्तिको लागि तपसिल बमोजिमको समिति निर्माण गरियो ।

**तपसिलः**

१) संयोजकः ३ नं वडा अध्यक्ष दिपेन्द्र गौतम
२) सदस्यः ७ नं वडा अध्यक्ष कृष्णराज सुवेदी
३) सदस्यः ६ नं वडा सदस्य नारायण गुरुङ
४) सदस्यः ४ नं वडा अध्यक्ष मुकुन्द बहादुर वंशी
५) सदस्य सचिवः अमर राज पगेनी अधिकृत सातौं

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०८**

प्रस्ताव नं २०८१/०८२-०५।०८ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीमा आर्थिक वर्ष २०८१/०८२ को लागि कार्यान्वयन हुने योजना/कार्यक्रम सञ्चालनका लागि वडाको मागका आधारमा उपभोक्ता समितिहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।०९**

प्रस्ताव नं २०८१/०८२-०५।०९ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) आर्थिक वर्ष २०७९/०८० मा रूपा गाउँपालिका वडा नं ३ मा रहेको जनता माविको खातामा विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदानको रकम रू ५० लाख निकासा गरी उक्त रकम रोक्का गरिएकोमा विद्यालयले रकम रू ५० लाख २७ हजार ४ सय ७१ कार्यसम्पन्न पेस गरि कर बेरूजु लगायतका दायित्वहरू दाखिला सहित कागजात पेस गरेको हुदाँ चालु आर्थिक वर्षमा हुने लेखा परिक्षण डोरमा बेरूजु फछ्यौटका लागि पेस गर्ने निर्णय गरियो ।

ख) आर्थिक वर्ष २०७९/८० मा रूपा गाउँपालिका वडा नं ७ मा रहेको रामकोट मा विको खातामा भवन निर्माण तथा ल्याव व्यवस्थापन अनुदानको रकम रू१ करोड निकासा गरी उक्त रकम रोक्का गरिएकोमा विद्यालयले रकम रू ९० लाख २० हजार ५ सय ७५ कार्यसम्पन्न पेस गरि कर बेरूजु लगायतका दायित्वहरू फिर्ता दाखिला सहित कागजात पेस गरेको हुदाँ चालु आर्थिक वर्षमा हुने लेखा परिक्षण डोरमा बेरूजु फछ्यौटका लागि पेस गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।१०**

प्रस्ताव नं २०८१/०८२-०५।१० उपर छलफल गर्दा रूपा गाउँपालिका अन्तरगतका विद्यालयहरूमा कार्यरत शिक्षकहरूको व्यवस्थापनका लागि गाउँ शिक्षा समितिद्वारा निर्णय भइ पेस भएको शिक्षक व्यवस्थापन विवरण अनुमोदन गर्ने तथा रूपा गाउँपालिका अन्तरगतका अस्पताल लगायतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको खटनपटन सहितको व्यवस्थापनको अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।११**

प्रस्ताव नं २०८१/०८२-०५।११ उपर छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ को मनसुनको समयमा मनसुनजन्य विपदबाट प्रभावित निजी आवास पुनर्निमाणको लागी पेस भएका तपसिलका निवेदनहरू उपर छलफल गरी लाभग्राही कायमको लागी स्थलगत अध्ययनसहित प्रतिवेदन पेस गर्न प्राविधिक खटाउने र सो प्रतिवेदन अनुसार लाभग्राही छनौट लगायतका अन्य कार्यको लागि प्रकिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नाम थर | ठेगाना | विपद्को विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | कुश बहादुर गुरुङ्ग | रुपा ६ भिरचोक | घरको पूर्व पट्टीको गाहो भत्किई भान्छाकोठामा क्षति पुगि घरमा बस्न जोखिपूर्ण भएको | |
| २ | सुदिप बिश्वकर्मा | रुपा ७ | घर भन्दा माथिबाट पहिरो आई घर जोखिममा रहेकोले तारजालि संरक्षणका लागि तारजालि आवश्यक परेको | |
| ३ | विष्णुमाया खड्का | रुपा ६ | घरको दक्षिण तर्फ रहेको भान्छाको गाहो भत्किएकोले राहत आवश्यक परेको | |
| ४ | गर्भे जलारी | रुपा ६ | घर अगाडी पश्चिम र उत्तरतर्फबाट पहिरो गएकाले घर जोखिममा रहेकोले संरक्षण गर्नुपर्ने | |
| ५ | तुलसा न्यौपाने | रुपा ७ | वर्षाका कारण घर भत्किएर क्षति पुगेको र घर बस्न जोखिम भएको | |
| ६ | राम बहादुर गोदार | रुपा १ | वर्षाका कारण मादि नदिमा आएको बाढीले ३ रोपनी धान खेत पूर्ण रुपमा नष्ट गरेको | |
| ७ | देवराज अधिकारी | रुपा ६ | वर्षाका कारण कृष्ण प्र अधिकारी देवराज अधिकारी सरस्वती अधिकारी लगायतका व्यक्तिहरुको घर नजिक पहिरो गई घरहरु समेत जोखिममा रहेकाले संरक्षण गर्नुपर्ने | |
| ८ | ईश्वरी खनाल | रुपा ७ | रुपा १ मा रहेको जग्गा खेत वर्षाका कारण बगाएर क्षति पुगेको | |
| ९ | हिकमत अलि मियाँ | रुपा ६ | वर्षाका कारण घरको पश्चिमपट्टीबाट पहिरो गएर भान्सामा क्षति पुगेको | |
| १० | पार्वती रेग्मी | रुपा ४ | हावाहुरीका कारण घरको छाना उडाई क्षति भएको | |
| ११ | शान्ति शार्की | रुपा ६ | वर्षाका कारण बसोबार गरिरहेको घर चिरिएर क्षति पुगेको बसोबासका लागि जोखिम भएको | |
| १२ | लुरी शार्की | रुपा ६ | वर्षाका कारण बसोबार गरिरहेको घर आँगन चिरिएर क्षति पुगेको बसोबासका लागि जोखिम भएको | |
| १३ | अनिता शार्की | रुपा ६ | वर्षाका कारण बसोबार गरिरहेको घरको गाहो भत्किएरक़ क्षति पुगेको बसोबासका लागि जोखिम भएको | |

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-०५।१३**

प्रस्ताव नं २०८१/०८२-०५।१३ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

**तपसिलः**

क) रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीद्वारा आर्थिक वर्ष २०८१।०८२ को पहिलो चौमासिकमा भए गरेका सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी बिषयहरूमा मिति २०८१/०७/३० मा गर्ने भनिएकोमा सार्वजनिक सुनुवाइ कार्यक्रम विशेष कारण सञ्चालन हुन नसकेकाले तपसिलको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ आयोजना गर्ने निर्णय गरियो ।

तपसिलः

मितिः २०८१/०८/२४

समयः विहानः ११.०० बजेदेखि

स्थानः रूपा गाउँपालिका वडा नं ४ सिद्ध

ख) रूपा गाउँपालिकाका प्रत्येक वडाहरूबाट हुने बायोम्याट्रिक प्रविधिमा आधारित अनलाइन घटना दर्ताका लागि वडा कार्यालयहरुमा प्रयोग गरिएका बायोम्याट्रिक मेसिनहरु काम नलाग्ने भइ कार्यसम्पादनमा असहजता भएको पाइएकाले सेवा प्रवाहको संवेदनशीलतालाई मध्येनजर गरी नयाँ बायोम्याट्रिक मेसिनहरुको खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ग) गाउँफर्क माविको पानी ट्याङ्की निर्माणको लागि आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षक अन्तर्गत गाउँफर्क मावि पानी ट्याङ्की निर्माण शीर्षक कायम गरी रकम रु ५० हजार व्यवस्थापन गर्ने निर्णय गरियो ।

घ) पोखरा महानगरपालिका तल्लो गगनगौंडामा रहेको राधाकृष्ण मन्दिरमा ढुंङ्गा छाप्नका लागि आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षक अन्तर्गत राधाकृष्ण मन्दिर ढुङ्गा छाप्ने शीर्षक कायम गरी रकम रु २ लाख व्यवस्थापन गर्ने निर्णय गरियो ।

ङ) रूपा गाउँपालिका वडा नं ५ देउरालीमा ट्रस्ट निर्माणको लागि आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षक अन्तर्गत देउराली ट्रस्ट निर्माण रूपा ५ शीर्षक कायम गरी रकम रु २ लाख व्यवस्थापन गर्ने निर्णय गरियो।

च) रूपा गाउँपालिका वडा नं ७ माझवेशिमा रहेको मोटरेवल पुल संरक्षणका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार ससर्त अनुदान) प्राकृतिक प्रकोप व्यवस्थापन, सडक, मर्मत संभार, नदी, भूक्षय नियन्त्रण, सडक, नाला सफाइ योजना शीर्षकबाट खर्च लेख्ने तथा आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी रु १ लाख ३० हजार बजेट व्यवस्थापन तथा खर्च गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

छ) रूपा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारी र सूचना व्यवस्थापन गरी वाससम्बन्धी तथ्याङ्कलाई एकीकृत बनाउनुको साथै सूचना अभिलेखलाई प्रभावकारी बनाउन वास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि रूपा गाउँपालिका र

गण्डकी प्रदेश उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयबिच मिति २०८०/१०/१४ मा सम्झौता भइ मिति २०८२/०३/३१ सम्म सम्झौताको मान्य अवधि रहेको। चालु आर्थिक वर्षमा समेत थप तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले गत आर्थिक वर्षमा तथ्याङ्क सङ्कलनका लागि सेवा करारमा भर्ना गरिएका तथ्याङ्क सङ्कलकहरूमध्ये रूपा ७ निवासी सूरुची सुवेदी र सोही वडा निवासी न्यूटन सुवेदीले यस बर्ष समेत उक्त तथ्याङ्क सङ्कलन गर्न इच्छुक भएको भनी निवेदन समेत पेस गरेको र गत आर्थिक वर्षमा निजहरूको कार्यसम्पादन सन्तोषजनक रहेको पाइएकाले निजहरूलाइ चालु आर्थिक वर्ष २०८१/०८२ को लागि उल्लिखित कार्यका लागि तथ्याङ्क सङ्कलन तथा प्रतिवेदनका आधारमा प्रतिव्यक्ति मासिक २० हजार नबढ्नेगरी सेवा करारमा नियुक्ति गरी कामकाजमा खटाउने निर्णय गरियो ।

ज) रूपा गाउँपालिका वडा नं ७ मा  रहेको स्याक्लुङकोट तमु समाज भवन निर्माण उपभोक्ता समितिको समाज भवनका लागि फर्निचर सामग्रीहरू खरिद गरी विल भरपाइ सहित पेस गरेकाले विल भरपाइका आधारमा रकम रू १ लाख नवढ्ने तथा आगामी गाउँसभाबाट खर्च अनुमोदन हुनेगरी फर्निचर एण्ड फिक्चर्स शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

झ) रूपा गाउँपालिका कास्कीका तपसिलका योजनाहरूको देहायका शीर्षकबाट खर्च लेख्नेगरी विस्तृत इन्जिनियरिङ प्रतिवेदन तयार गर्न प्रक्रिया अगाडि बढाउन स्वीकृति प्रदान गरियो।

तपसिल:

| क.स | योजनाको विवरण | ठेगाना | खर्च शीर्षक | कै |
|---|---|---|---|---|
| १ | सहिद पार्क निर्माण रूपा गापा ३ | रूपा ३ | सहिद पार्क निर्माण रूपा ३ | |
| २ | वडा नं ३ को प्रशासकीय भवन | रूपा ३ | परामर्श सेवा खरिद | |
| ३ | कोट कालिका मन्दिर संरक्षण | रूपा १ | कोट कालिका मन्दिर संरक्षण एवं गुरूयोजना निर्माण रूपा १ | |
| ४ | दाङसमिथान इन्द्र गुफा | रूपा ७ | दाङसमिथान इन्द्र गुफा रूपा गापा ७ | |

साथै रूपा गाउँपालिका ३ नं वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्ति समेतको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

मिति २०८१ मंसिर ०६ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(चिरन्जीवी बराल)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की



रुपा गाउँपालिका कास्की